प्रदेशसरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, अर्घाखाँची

फोन: ०७७-४२०१२६
इमेल:akcarghakhanchi@gmail.com
वेवसाइट:www.akcarghakhanchi.gov.np

**प्रथम पटक सूचना प्रकाशन मिति २०७६/०८/०९**

कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार कृषि ज्ञान केन्द्र, अर्घाखाँचीको आ.व. २०७६/०७७ को कृषि तथा पशुपन्छीजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नविनतम प्रविधिमा आधारित साना सिचाई कार्यक्रममा सहभागी हुन ईच्छुक अर्घाखाँची जिल्लाका उद्यमी/कृषक/समुह/समिति/सहकारी/निजीफर्म/कम्पनीहरुले अधिकतम अनुदान रकम सीमा ननाघ्ने गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी कृषि ज्ञान केन्द्र अर्घाखाँचीको कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/वेभसाईट www.akcarghakhanchi.gov.np बाट प्राप्त गर्न सकिनेछ।

| कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| नवीनतम प्रविधिमा आधारित साना सिंचाई कार्यक्रम | • प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भन्दा अगाडि दर्ता भएका कृषक समुह/कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था वा निजी फर्म,<br>• सिंचाई कार्यक्रमबाट कम्तिमा २ हेक्टर क्षेत्रमा क्षेत्र विस्तार हुनु पर्ने। | सोलार सिंचाई/थोपा सिंचाई/स्पिंकलर सिंचाई/शुन्य शक्ति सिंचाई प्रणाली/<br>वर्षा पानी संकलनमा सिंचाई प्रणाली/ प्लाष्टिक पोखरी लगायत बहुपयोगी सिंचाई प्रणाली आदि। | सिंचाई आयोजना निर्माणको लागि खर्च हुने कुल रकममा ७५ प्रतिशत वा अधिकतम २५०००० ।– मध्ये जुन कम हुन आउछ सो रकम अनुदान दिन सकिनेछ। | |

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजहरु:

१ प्रस्तावकको सक्कल निवेदन

२ समुहकम्पनी/निजी कृषि फर्म/सहकारी/हरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि

३ स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि

४ गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि

५ कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव

६ सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

७ प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि

८ प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

९ निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा

१० कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि

११ अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत दुई वर्ष भित्र अनुदान रकम दुई लाख वा सो भन्दा बढी नपाएको स्वघोषणा पत्र पेश गर्नुपर्ने।

थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहुन वा कार्यालयको फोन नं ०७७ ४२०१२६ र ४२००५५मा सम्पर्क गर्नु हुन अनुरोध छ।

कृषि ज्ञान केन्द्र,अर्घाखाँची